# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड:९ संख्या: १ मिति: २०८३/०१/०४**

भाग २


माण्डवी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमका ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८३ सालको मापदण्ड नं. १

## पहिरो प्रभावित घरपरिवारलाई आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०८३

## प्रस्तावना

नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको सुरक्षित आवास, जीवन र सामाजिक सुरक्षाको हकको संरक्षण तथा प्रवर्द्धन गर्न, प्राकृतिक विपद अन्तर्गत पर्ने पहिरोका कारण प्रभावित घरपरिवारलाई आर्थिक राहत कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी रूपमा सञ्चालन गर्न आवश्यक भएको।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को खण्ड (ज)** ले स्थानीय तहलाई विपद व्यवस्थापन, राहत वितरण तथा पुनःस्थापना सम्बन्धी कार्य गर्ने अधिकार प्रदान गरेको तथा सोही ऐनको **दफा १०२** बमोजिम स्थानीय तहले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने तथा माण्डवी गाउँपालिकाको **विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को परिच्छेद ७ दफा २७ मा गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ भन्ने** कानुनी व्यवस्था रहेको।

सोही कानुनी व्यवस्थाहरूको अधिनमा रही माण्डवी गाउँपालिका वडा नं. १ र २ मा २०७९ साल असोज १८ र १९ गते गएको अविरल वर्षाका कारण सृजित प्राकृतिक प्रकोप पहिरोका कारण विभिन्न घर,आवासीय संरचना तथा खेतीयोग्य जमिन खेतवारीमा क्षति भई केही घरपरिवार पूर्ण तथा आंशिक रूपमा विस्थापित भएको तथा दैनिक गुजारा गर्न असहज अवस्था सिर्जना भएकोले प्रभावित नागरिकलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट आर्थिक राहत,

सहायता उपलब्ध गराउन आवश्यक देखिएको पहिरो प्रभावित घरपरिवारलाई उपलब्ध गराइने राहत, सहयोग, सम्बन्धी कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन “पहिरो प्रभावित घरपरिवारलाई आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०८२” जारी गरिएको छ।

## परिच्छेद–१

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस मापदण्डको नाम **“पहिरो प्रभावित घरपरिवार लाई आर्थिक सहायता समबन्धी मापदण्ड, २०८३”** रहनेछ।

(२) यो मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

(३) यो मापदण्ड विशेष रूपमा २०७९ सालको पहिरोबाट प्रभावित वडा नं. १ र २ का घरपरिवारहरुको हकमा मात्र  लागु हुनेछ।

## २. उद्देश्य

(क) पहिरोबाट प्रभावित घरपरिवारलाई  दैनिक जीवन निर्वाहका लागि आर्थिक सहयोग गर्ने।

(ख) सहयोग वितरण प्रक्रियालाई पारदर्शी, न्यायोचित, समावेशी र उत्तरदायी बनाउने।

(ग) जोखिमयुक्त बस्ती व्यवस्थापनमा सहयोग पुऱ्याउने।

## ३. परिभाषा

यस मापदण्डमा,
(क) ‘‘प्रभावित परिवार’’ भन्नाले २०७९ सालको पहिरोबाट घर गोठमा तथा खेतीयोग्य जमिनमा भौतिक क्षति पुगेको माण्डवी गाउँपालिका भित्र स्थायी बसोबासी परिवारलाई जनाउँछ।
(ख) ‘‘पूर्ण क्षति’’ भन्नाले घर पूर्णरूपमा भत्किएको वा प्राविधिक प्रतिवेदन अनुसार बसोबास अयोग्य घोषित भएको अवस्था तथा खेतियोग्य जमिन पुन प्रयोग गर्न नमिल्ले प्रकृतीको भएको।
(ग) ‘‘गम्भीर आंशिक क्षति’’ भन्नाले संरचनात्मक भाग (फाउन्डेसन, पर्खाल, स्तम्भ, छाना) मा ठूलो क्षति पुगेको मर्मत गरे पनि बस्न नमिल्ने तर घरवासमा प्रयोग भएको सामग्री आशिंक वा पुन प्रयोग गर्न सकिने अवस्था।
(घ) ‘‘सामान्य आंशिक क्षति’’ भन्नाले सानो संरचनात्मक क्षति भएको अवस्था।
(ङ) ‘‘सिफारिस समिति’’ भन्नाले दफा ८ बमोजिम गठित समिति।

# परिच्छेद–२

## ४. सहयोगको प्रकृति

(१) यो सहयोग नितान्त दैनिक जीविकोपार्जत तथा पुनःनिर्माण र स्थापनामा ढिलाई भएको कारण आर्थिक सहयोग प्रयोजनका लागि



माण्डवी गाउँपालिका

हुनेछ ।

(२) सहयोग एकमुष्ट वा किस्ताबन्दी रूपमा उपलब्ध गराउन सकिनेछ ।

## ५. लाभग्राहीका लागि योग्यता

देहायका सर्त पुरा गरेको हुनुपर्नेछः

(१) प्रभावित घर सो परिवारको माण्डवी गाउँपालिका भित्र स्थायी बसोबास भएको हुनुपर्ने ।

(२) वडा कार्यालयको सिफारिस प्राप्त गरेको हुनुपर्ने ।

(३) प्राविधिकद्वारा स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको हुनुपर्ने ।

(४) सोही क्षतिको लागि अन्य निकायबाट अनुदान नलिएको तथा सरकारी/सार्वजनिक जग्गामा अवैध रूपमा निर्माण गरिएको घर नभएको स्वघोषणा ।

(५) जग्गा धनी लालपुर्जाको प्रमाणपत्र हुनुपर्ने ।

(६) पहिरो प्रभावित नागरिकको आफ्नो नाममा घर जग्गा नभएको अवस्थामा नाता खुल्ने नाता प्रमाणित कागजात ।

(७) बसाइसराई आएको भए सोको प्रमाणपत्रको प्रतिलिपी ।

(८) क्षतीको प्रहरीद्वारा तयार गरिएको सर्जमिन मुचुल्का ।

माण्डवी गाउँपालिका

## परिच्छेद–३

## ६. निवेदन प्रक्रिया

(१) प्रभावित परिवारले तोकिएको ढाँचामा वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ । **(अनुसूची १ बमोजिम )**

(२) निवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेः

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- प्रहरी द्वारा तयार पारेको क्षतीको सर्जमिन मुचुल्का,
- जग्गा धनी लालपुर्जाको  प्रमाणपत्र को प्रतिलिपी,
- पहिरो प्रभावित नागरिकको आफ्नो नाममा घर जग्गा नभएको अवस्थामा नाता खुल्ने नाता प्रमाणित कागजात।
- बसाइसराई आएको भए सोको प्रमाणपत्रको प्रतिलिपी।
- वडा कार्यालयको सिफारिस पत्र, (अनुसूची-४ मूल्याङ्कनको आधार (कुल १०० अंक प्रणाली समेत)
- प्राविधिकद्वारा स्थलगत निरीक्षण प्रतिवेदन
- तत्कालिन अवस्थाको क्षति देखिनेको फोटो,
- स्वघोषणा पत्र,

(३) वडा कार्यालयले  सम्पूर्ण कागजात सहित वडा समितिको निर्णय गराएर गाउँपालिकाको विपद व्यस्थापन समितिमा लाभग्राहीको विवरण पेश गर्नुपर्नेछ।

## ७. प्राविधिक मूल्यांकन

(१) गाउँपालिकाबाट प्राविधिक टोली खटाई स्थलगत निरीक्षण गरिनेछ।स्थलगत निरिक्षण फारम अनुसूची ३  बमोजिम हुनेछ।
(२) क्षतिको प्रकार, जोखिम अवस्था र पुनर्निर्माण सम्भाव्यता उल्लेख गरी प्रतिवेदन पेश गरिनेछ।

## ८. सिफारिस तथा स्वीकृति समिति

- **सिफारिस तथा स्वीकृति समिति** वडा कार्यालयमा वडा समिति र गाउँपालिकाका स्थानीय विपद् व्यस्थापन समिति रहनेछ ।

# परिच्छेद–४

## ९. भुक्तानी प्रक्रिया

(१) गाउँ कार्यपालिकाबाट स्वीकृति पश्चात बैंक खातामार्फत भुक्तानी गरिनेछ ।
(२) आवश्यक ठहरेमा दुई किस्तामा भुक्तानी गर्न सकिनेछ (पहिलो किस्ता ७०%, दोस्रो किस्ता प्राविधिक प्रमाणित पश्चात ३०%) ।
(३) नगद भुक्तानी गरिने छैन ।

## १०. पारदर्शिता व्यवस्था

- लाभग्राहीले आर्थिक सहायता प्राप्त गर्नका लागि ७ दिने सूचना प्रकाशन गरिनेछ ।
- प्राप्त लाभग्राही सूची अंक सहित सार्वजनिक गरिनेछ ।
- लाभ ग्राही कायम भए पश्चात आर्थिक सहायता उपलव्ध गराउनु पुर्व लाभग्राहीले पाउने  आर्थिक सहायता रकम

सहितको विवरण दावी विरोधका लागि सूचना प्रकाशन गरिनेछ ।

## ११. रकम समायोजन सम्वन्धी व्यवस्था

- उपलब्ध बजेट कम भएमा समान अनुपातमा प्रतिशत कटौती गर्न सकिनेछ ।
- कुनै परिवारलाई अधिकतम रु. १,००,००० भन्दा बढी दिन पाइने छैन ।
- न्यूनतम सहयोग रु. २०,००० सुनिश्चित गरिनेछ ।

## १२. दोहोरो सुविधा सम्बन्धी व्यवस्था

(१) संघ/प्रदेश सरकारबाट पूर्ण पुनर्निर्माण र पुनःस्थापनाअनुदान प्राप्त भएमा यस सहयोगलाई आर्थिक सहयोगका रुपमा लिई पूर्ण पुनर्निर्माण र पुनःस्थापना गर्न वाधा पर्ने छैन ।
(२) आर्थिक सहयोग दोहोरो सुविधा लिएको पाइएमा प्राप्त रकम फिर्ता गर्नुपर्नेछ ।

## १३. बाधा अड्काउ फुकाउने अधिकार

यस मापदण्ड कार्यान्वयनमा कुनै अस्पष्टता वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक व्याख्या तथा निर्णय गर्न सक्नेछ ।

## अनुसूची १

## निवेदन फारामको ढाँचा

## २०७९ सालमा पहिरो प्रभावित घरपरिवार आर्थिक राहत सहयोगका लागि निवेदन

श्रीमान्
वडा अध्यक्षज्यू
वडा नं. ___
माण्डवी गाउँपालिका, प्यूठान

विषय: राहत तथा पुनर्स्थापना सहयोग उपलब्ध गराइदिनु हुन।

म निवेदक ____________________ (नाम), नागरिकता नं. ______________, ठेगाना: माण्डवी गाउँपालिका वडा नं. ___ स्थायी बसोबास गर्ने व्यक्ति हुँ। २०७९ सालमा गएको पहिरोका कारण मेरो घरमा देहायबमोजिम क्षति पुगेको छ:

१. घरको प्रकार: कच्ची / पक्की / अर्धपक्की
२. क्षतिको अवस्था: पूर्ण / गम्भीर आंशिक / सामान्य आंशिक
३. हालको बसोबास अवस्था: आफ्नै घर / अस्थायी टहरा / आफन्तको घर / भाडामाअतः मापदण्ड बमोजिम आवश्यक निरीक्षण गरी राहत तथा पुनर्स्थापना सहयोग उपलब्ध गराइदिनु हुन विनम्र अनुरोध गर्दछु।

**संलग्न कागजात:**

- नागरिकताको प्रतिलिपि,

- क्षतीको सर्जमिन मुचुल्का,
- घरधुरी प्रमाणपत्र,
- प्राविधिक निरिक्षण फारम
- क्षतिको फोटो,
- स्वघोषणा पत्र,

निवेदकको हस्ताक्षर: ______________
सम्पर्क नं.: ______________
मिति: ______________

वडा कार्यालयको सिफारिस:

................................................
वडा अध्यक्ष हस्ताक्षर: _____________

माण्डवी गाउँपालिका

## अनुसूची – २ स्वघोषणा पत्रको ढाँचा

म ____________________ (नाम), माण्डवी गाउँपालिका वडा नं. ___ निवासी, २०७९ सालको पहिरोबाट मेरो घरमा क्षति पुगेको सम्बन्धमा देहायबमोजिम स्वघोषणा गर्दछु:

१. प्रस्तुत गरेको विवरण सत्य र तथ्यमा आधारित छ।
२. सोही क्षतिको लागि अन्य कुनै सरकारी वा गैरसरकारी निकायबाट आर्थिक सहयोग  लिएको छैन।
३. दोहोरो सुविधा लिएको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम कारबाही तथा प्राप्त रकम फिर्ता गर्न तयार छु।

निवेदक
नाम: ____________________
हस्ताक्षर: ______________
नागरिकता नं.: _____________
मिति: ______________

साक्षी १: ______________
साक्षी २: ______________

माण्डवी गाउँपालिका

## अनुसूची -३ प्राविधिक मूल्यांकन (स्थलगत निरीक्षण) फाराम

**प्राविधिक क्षति मूल्यांकन प्रतिवेदन**

**१. घरधनीको नाम: ____________________**

**२. ठेगाना: वडा नं. ___**

**३. घरको प्रकार: कच्ची / अर्धपक्की / पक्की**

**४. निर्माण वर्ष (अनुमानित): _____________**

**५. संरचनात्मक अवस्था निरीक्षण:**

- फाउन्डेसन: सुरक्षित / चर्किएको / भासिएको
- पर्खाल: सामान्य / चर्किएको / ढलेको
- छाना: सुरक्षित / आंशिक क्षति / पूर्ण क्षति
- भू–जोखिम अवस्था: सुरक्षित / जोखिमयुक्त / उच्च जोखिमयुक्त

**६. क्षतिको वर्गीकरण (सिफारिस):**

- पूर्ण क्षति (बस्न अयोग्य)
- गम्भीर आंशिक क्षति
- सामान्य आंशिक क्षति

**७. थप टिप्पणी:**

................................................

निरीक्षण मिति: _____________

प्राविधिक नाम: ____________________

पद: ____________________

हस्ताक्षर: ____________________

## अनुसूची-४
## मूल्याङ्कनको आधार (कुल १०० अंक प्रणाली)

**(क) संरचनात्मक क्षति सूचक – ५५ अंक**

| विवरण | अंक |
|---|---|
| **पूर्ण रुपमा बस्न अयोग्य तथा खेत वारी समेत बगाएको कम्ती २ रोपनी** | ५५ |
| पूर्ण रूपमा बस्न अयोग्य | ४५ |
| संरचनात्मक मुख्य भाग (फाउन्डेसन/स्तम्भ) क्षति | ३५ |
| पर्खाल/छाना गम्भीर क्षति | ३० |
| आंशिक संरचनात्मक चिरा | २० |
| घर क्षति नभएको तर २ रोपनी भन्दा बढी खेतीयोग्य जमिन क्षति भएको | १५ |
| सामान्य क्षति | १० |

**(ख) सामाजिक–आर्थिक अवस्था सूचक – २० अंक**

| अवस्था | अंक |
|---|---|
| अति विपन्न/आय स्रोत नभएको | २० |
| विपन्न/दैनिक ज्यालादारी | १५ |
| मध्यम आय | १० |
| नियमित आय स्रोत | ५ |

**(ग) संवेदनशीलता सूचक – १५ अंक**

| अवस्था | अंक |
|---|---|
| • एकल महिला प्रमुख परिवार | १५ |
| • अपाङ्गता/ज्येष्ठ नागरिक सदस्य | १२ |
| • ५ वर्ष मुनिका बालबालिका २ भन्दा बढी | १० |
| • सामान्य अवस्था | ५ |

**(घ) वैकल्पिक आवास अवस्था – १० अंक**

| अवस्था | अंक |
|---|---|
| पूर्ण विस्थापित | १० |
| अस्थायी टहरा | ७ |
| आफन्त/भाडामा | ५ |
| आफ्नै सुरक्षित घर | ० |

**२. कुल अंक अनुसार सहयोग रकम निर्धारण**

| प्राप्त अंक | सहयोग रकम (रु.) |
|---|---|
| ९०–१०० | १,००,००० |
| ८०–८९ | ९०,००० |
| ७०–७९ | ८०,००० |
| ६०–६९ | ७०,००० |
| ५०–५९ | ६०,००० |
| ४०–४९ | ५०,००० |
| ३०–३९ | ४०,००० |
| २०–२९ | ३०,००० |
| ०९–१९ | २०,००० |

माण्डवी गाउँपालिका

**प्रमाणीकरण मिति:२०८३/०१/०४**

**आज्ञाले,**
**भिमकान्त भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**